श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन-पत्र

विषय : नेपालको संविधानको धारा ४६/१३३ (२) (३) बमोजिम उत्प्रेषण, परमादेश लगायत उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ ।

| | |
|---|---|
| ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ स्थित क्वयेर युथ ग्रुपको तर्फबाट अख्तियार प्राप्त ऐ.ऐ. बस्ने वर्ष २२ को रुक्शना कपाली ..................१ 9808262699 | निवेदक |

विरुद्ध

| | |
|---|---|
| नेपाल सरकार, सिंहदरबार, काठमाडौं ....................................१ | विपक्षी |
| गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ....................................१ | |

मुद्दा : उत्प्रेषण परमादेश समेत

हामी निवेदक नियमानुसार लाग्ने निवेदन दस्तुर यसैसाथ संलग्न गरि नेपालको संविधानको धारा १२, १६ एवं धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४० बमोजिम निम्नलिखित निवेदन गर्दछौं ।

१. निवेदक संस्था क्वयेर युथ ग्रुप (Queer Youth Group) सन् २०१८ मा लूज-नेटवर्कका रूपमा सुरु भएको र सन् २०२० मा मुनाफा वितरण नगर्ने कम्पनीका रूपमा दर्ता भएको सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताका व्यक्ति (लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्ति) हरूको अधिकारका निम्ति कार्यरत संस्था हो ।

नेपाल सरकारले बनाएको नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूचीमा १, २, ७ र ८ बमोजिम नागरिकता प्रमाणपत्रमा "लिङ्ग (Sex)" शब्द उल्लेख भएको छ । नेपालको संविधान, २०७२ मा लैङ्गिक पहिचान सहितको नागरिकता प्रमाणपत्र प्राप्त गर्न सकिने व्यवस्था रहेको र सम्मानित अदालतद्वारा लैङ्गिक पहिचानको आधारमा नागरिकता प्रमाणपत्र जारी गर्न भनि पटक पटक आदेश गर्दा समेत नागरिकता प्रमाणपत्रमा "लिङ्ग (Sex)"को महल उल्लेख

गराउने कानून संविधानसँग बाझिएको र वैकल्पिक उपचारको अभावमा यस अदालतको शरणमा आएका छौं ।

२. **संवैधानिक प्रश्न**: नेपालको संविधान २०७२ धारा १२ मा "१२. वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता : यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ ।" भन्ने व्यवस्था गरिएको छ । व्यक्तिको नागरिकता प्रमाणपत्रमा लैङ्गिक पहिचान (Gender Identity) उल्लेख हुनुपर्ने संविधानमा स्पष्ट व्यवस्था छ र त्यस विपरीत नागरिकता नियमावली, २०६३ मा "लिङ्ग (Sex)" को महल उल्लेख भएको छ ।

३. **नजीर** : विश्वमै उदाहरणीय नजीरका रूपमा स्थापित हुन सकेको यसै सम्मानित अदालतद्वारा प्रतिपादित देहायका नजीरहरू छन् ।

(क) निर्णय नं. ७९५८, फैसला मिति : २०६४/०९/०६, भागः ५०, सालः २०६५, महिनाः श्रावण , अंकः ४ –

- जब कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्दछ तत्पश्चात उसको जैविक लिङ्ग के हो ? निजले कस्तो यौन साथी रोज्नु पर्ने हो, कस्तो व्यक्तिसँग बैवाहिक सम्बन्ध कायम गर्नुपर्ने हो भन्ने कुराको निर्धारण अरु व्यक्ति, समाज, राज्य वा कानूनले गरिदिने होइन । यो नितान्त रुपमा त्यस्तो व्यक्तिको वैयक्तिक आत्मनिर्णयको अधिकार अन्तर्गत पर्ने ।

(ख) निर्णय नं. ९८७५, फैसला मिति : २०७३/१०/१०, भागः ५९ सालः २०७४, महिना : पौस, अंकः ९ –

- कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्नु निजको नितान्त वैयक्तिक आत्मनिर्णयको अधिकारअन्तर्गतको विषय हो । यसमा अरू व्यक्ति समाज राज्य वा कानूनले जैविक लिङ्ग के हो भनी निर्धारण गर्नु सान्दर्भिक हुँदैन ।
- आफ्नो वास्तविक लैङ्गिक पहिचानसहितको नागरिकता प्रमाण पत्रमा संशोधन गर्न मिल्दैन भन्नु निवेदकहरू जस्ता लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूको अस्तित्व स्वीकार गर्नबाट इन्कार गर्नु समान हुने ।

४. संयुक्त राष्ट्र संघले देहायका प्रतिवेदनहरूमा सदस्य राज्यहरूलाई लैङ्गिक पहिचान अनुसारको परिचयपत्र कायम गर्न सुझाव दिएका छन् ।

- Report of the Independent Expert on protection against violence and discrimination based on sexual orientation and gender identity (A/HRC/47/27) -V. Recommendations, 91.
- Report of the Special Rapporteur on the right to privacy (A/HRC/43/52)

- IV. Recommendations for protecting against gender based privacy infringements.
- 6. Gender identity and legal recognition, 36 (b), (c), (d), (e), (f), (g), (h).

- Protection against violence and discrimination based on sexual orientation and gender identity (A/73/152)
  - V. Recommendations, 81 (b), (d), (e).

५. संयुक्त राष्ट्र संघ अनुसार Sex भन्नाले characteristics refer to each person's physical characteristics relating to sex, including genitalia and other reproductive anatomy, chromosomes and hormones, and secondary physical characteristics emerging from puberty र Gender identity भन्नाले a deeply felt and experienced sense of one's own gender. Most people have a gender identity, which is part of their overall identity भनि परिभाषित गरिएको पाइन्छ[1] । नेपाली वृहत् शब्दकोष (पृसं ११३५) मा "लिङ्ग"को अर्थ "स्त्री र पुरुष छुट्ट्याउने प्राणीका शरीरको चिन्ह" भनि उल्लेख गरिएको छ, भने (पृसं ११४३) मा "लैङ्गिकता"को अर्थ "भाले तथा पोथी लैङ्गिक सम्वन्धका आधारमा जीवनयथार्थ र समाजलाई हेर्ने दृष्टिकोण वा मान्यता" भन्ने उल्लेख छ । अतः Sex (लिङ्ग) र Gender Identity (लैङ्गिक पहिचान) एउटै नभएर फरक विषयहरू हुन् भन्ने पुष्टि हुन्छ ।

नागरिकता प्रमाणपत्रमा लिङ्ग (Sex) नभएर लैङ्गिकता (Gender) उल्लेख हुनुपर्ने भनि संविधानमै स्पष्ट उल्लेख हुनुका साथै यसै सम्मानित अदालतबाट नजीर स्थापित छ ।

५.१ क्यानेडाको क्यूबेक राज्यको अदालतमा Centre for Gender Advocacy c. Attorney General of Quebec मा भएको फैसलामा अदालतको व्याख्याको चर्चा गर्नु उपयुक्त हुन्छः

OVERVIEW

[1] This case highlights the difference between sex and gender identity and the discrimination that can result when the law treats them as synonyms.

[2] Statistics Canada provides useful definitions:
Sex and gender refer to two different concepts. […] For example, female sex is not the same as female gender. Sex refers to sex assigned at birth. Sex is typically assigned based on a person's reproductive system and other physical characteristics. Gender refers to the gender that a person internally feels and/or the gender a person publicly expresses in their daily life, including at work, while shopping or accessing other services, in their housing environment or in the broader community.

B. Identification by gender, not sex

[34] Other than on the day they are born, we do not examine a person's genitalia to identify whether they are male or female. We look instead to their name, clothing, hairstyle, and bearing, each of which is determined by the person themself.

[36] Gender is perhaps the most important means of identification that links the holder of an act or certificate of civil status to the information found on that document. A school administrator or employer who reviews a birth certificate will not double-check the birthdate, place of birth, or parents' names but is likely to verify that the person presenting the document fits the gender description.

[1] BORN FREE AND EQUAL: Sexual Orientation, Gender Identity and Sex Characteristics in International Human Rights Law, 2019 United Nations, Second edition: HR/PUB/12/06/Rev.1

[37] Therefore, a person's sex is not a reliable means of identification but their gender is. For transgender and non-binary people, a designation of their sex at birth can create confusion, whereas their gender confirms their identity.

५.२ लिङ्ग र लैङ्गिकता मध्ये व्यक्तिको परिचय लैङ्गिकताबाट स्थापित हुन्छ । व्यक्तिको यौनाङ्ग के हो कस्तो हो भन्ने विषय नीजको नितान्त गोप्य विवरण हो । नागरिकता प्रमाणपत्र भनेको व्यक्तिको यौनाङ्गको व्याख्या गर्ने कागजात होइन । नेपालको संविधान धारा २८ ले गोपनीयताको हक सुनिश्चित गरेको छ । व्यक्तिले आफूलाई महिला लैङ्गिकता, पुरुष लैङ्गिकता वा त्यस बाहेक कुनै लैङ्गिकतामा अभिव्यक्त गर्दछ, प्रस्तुत गर्दछ वा जीवनयापन गर्दछ भन्ने व्यक्तिको परिचय हो । प्रकरण ३ को (ख) मा उल्लेख फैसलामा देहायको नजीर पनि कायम भएको छ : "लैङ्गिक अल्पसंख्यक समुदायहरू आफ्नो वास्तविक पहिचानभन्दा फरक परिचय पत्रका साथ रहन पर्दा आत्मसम्मानमा चोट पुग्नुका साथै सामुदायिक अपनत्वलाई समेत कमजोर तुल्याउने हुन्छ । आफ्नो अनुभूतिभन्दा फरकरूपमा आफ्नो परिचय लुकाई त्रासपूर्ण तथा अदृश्य जीवन जीउन बाध्य पार्नु यस्ता यौनिक अल्पसंख्यकहरूको मानव अधिकारको उल्लङ्घनसमेत हुन जाने ।" यस अर्थात् व्यक्तिको लैङ्गिक अनुभूतीलाई परिचयको आधार मात्र नभएर सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६) सँग सम्बन्ध जनाइएको छ ।

६. नेपाल संवत् ११४१ सिला २४ तदनुसार मिति २०७७ माघ २८ गते निवेदक संस्थाको चलानी नं ०२४/७७/७८ पसं १ रहेको पत्रद्वारा नागरिकता प्रमाणपत्रमा लिङ्गको महललाई लैङ्गिकताको महलबाट प्रतिस्थापन गर्न गराउन आवश्यक कामकारवाही गरिपाउँ भन्ने व्यहोराको निवेदन पठाएका थियौं । हुलाक टिकट नं RD773397834NP बाट गृह मन्त्रालयको नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा र नं RD773397817NP बाट मन्त्रालयको कानून तथा फैसला कार्यान्वयन शाखा पठाइएको थियो । तर उक्त पत्र प्राप्त भएको समेत खबर पाएका छैनौं ।

७. अतः माथि विभिन्न प्रकरणमा लेखिए बमोजिम विपक्षीद्वारा जारी गरिएको नियमावली नेपालको संविधानको धारा १२, १६ साथै सम्मानित अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतको बर्खिलाप भएकाले विपक्षीहरूका नाउँमा नेपालको संविधानको धारा १३३ (२) र (३) बमोजिम निम्नानुसार आदेश जारी गरि पाउँ ।

क) नेपाल नागरिकता नियमावलीको अनुसूची-१, अनुसूची-२, अनुसूची-७ र अनुसूची-८ मा उल्लेख लिंङ्ग (Sex) शब्दलाई संशोधन गरी लैङ्गिकता (Gender) उल्लेख गर्न गराउन तथा सोही अनुसार आफ्नो सफ्टवयेर पनि संशोधन गर्न गराउन एवं नेपाल सरकार अन्तरगतका सबै निकायहरूमा जुनसुकै कागजात वा दस्तावेजहरूमा उल्लेख भएको लिङ्ग (Sex) को महल सट्टा लैङ्गिकता (Gender) को महल राख्न राख्नलाउन भनि परिपत्र गर्न विपक्षीको नाउँमा आदेश जारी भएको मितिले बढीमा १५ दिनको समयसिमा समेत तोकी उत्प्रेषण परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ ।

८. यस विषयमा समानान्तर क्षेत्राधिकार ग्रहण गर्ने अन्य कुनै अड्डा अदालतमा उजुरी तथा निवेदन दिइएको छैन ।

९. यसमा हाल कानून व्यवसायी नियुक्त गरिएको छैन । पछि नियुक्त हुने कानून व्यवसायीद्वारा प्रस्तुत गरिने बहस बुँदालाई समेत यसै निवेदन पत्रको अभिन्न अङ्ग मानी पाउँ ।

१०. सम्मानित सर्वोच्च अदालतमा यस अगावै नागरिकता प्रमाणपत्रमा लैङ्गिक पहिचान कायम गर्न पाउने व्यवस्था सहितको कानूनका लागि रीट नं ०७७-WO-०९७३ निवेदन दर्ता भएको र सो मुद्दा यस अदालतमा विचाराधीन रहेको भएतापनि सो रिट निवेदन प्रमाणपत्रको महलमा उल्लेख हुने विवरण संशोधन सम्बन्धी भएको र हाल उठाइएको विषय लिङ्गको महल उल्लेख हुनु संविधानसँग बाझिएको कार्य भएकाले उक्त महल प्रतिस्थापन गरी लैङ्गिकताको महल स्थापित गर्नका लागि निवेदन गरेका हौं ।

११. संलग्न कागजात :

(क) नागरिकता नियमावलीको अनुसूची-१, अनुसूची-२, अनुसूची-७ र अनुसूची-८ – पाना ४
(ख) प्रकरण ४ मा उल्लेख संयुक्त राष्ट्र संघका प्रतिवेदनहरूका सम्बन्धित पृष्ठहरू – पाना ९
(ग) प्रकरण ५ मा उल्लेख संयुक्त राष्ट्र संघको परिभाषा पुस्तिका तथा नेपाली बृहत् शब्दकोषको सम्बन्धित पृष्ठहरू – पाना ५
(घ) प्रकरण ६ मा उल्लेख पत्र, हुलाक टिकट तथा हुलाक विवरण – पाना २

निवेदक
निज रुक्शना कपाली

नेपाल संवत् ११४२ साल थिंलाथ्व महिना २७
इति संवत् २०७८ साल मंसिर महिना २९ गते रोज ४ शुभम् ........................................ ।